आज मिति २०८० साल मंसिर ७ गते बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगा बहादुर तामाङज्यूको अध्यक्षतामा बलेफी गाउँकार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिः

| क.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री गंगा बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री छविलाल न्यौपाने | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रितेश तामाङ | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुर्जे तामाङ | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री यादव ठकुरी | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तेज बहादुर पराजुली | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री गृबिन्द्र कुमार चौलागाई | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री रमेश कुमार श्रेष्ठ | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२ | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | |
| १३ | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | |
| १६ | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | |
| १७ | श्री रेवन्त दहाल | सदस्य सचिव | |

आमन्त्रितः

| | | | |
|---|---|---|---|
| १ | श्री सल बहादुर पाण्डे | शिक्षा अधिकृत | |
| २ | श्री सुकु लाल तामाङ | कार्यालय सहायक | |

प्रस्तावहरु:

१. योजनाको म्याद थप सम्वन्धमा ।
२. भुकम्प पिडितहरुलाई सहयोग सम्वन्धमा ।
३. गाउँ बाल अक्षय कोषमा रकम जम्मा गर्ने सम्वन्धमा ।
४. विद्यालय समायोजन, दरबन्दी मिलान तथा व्यवस्थापन सम्वन्धमा ।
५. विविध सम्बन्धमा ।

निर्णयहरु:

१. गाउँपालिकामा सम्झौता भई तोकीएको समयमा कार्य सम्पन्न नभएका देहायका योजनाहरुको म्याद थप गरि पेश भएका विल भर्पाई तथा कार्य सम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी दिने निर्णय गरियो।

- मिति २०७८/१२/१५ मा सम्झौता भई निर्माण कार्य शुरु भएको वडा नं. ३ को वडा कार्यालय भवन निर्माण योजनाको म्याद २०८०।०९।३० सम्म थप गर्ने ।
- मिति २०७९/०९/१३ मा सम्झौता भई निर्माण कार्य शुरु भएको वडा नं. ६ मा रहेको भन्ज्याङडाँडा जोगीडाँडा वरपिपल सडक निर्माण योजनाको म्याद उपभोक्ता समितिको माग बमोजिम २०८०।०९।३० सम्म थप गर्ने ।

२. मिति २०८०।०७।१७ गते राती जाजरकोट जिल्लाको रामीडाँडा केन्द्रविन्दु भई गएको भूकम्पले पुऱ्याएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै पिडितको सहयोगका लागि यस गाउँपालिकाले घोषणा गरेको रु.५००,०००/- (अक्षेरुपी पाँच लाख रुपैया मात्र) रकम बलेफी गाउँपालिकाको प्रकोप व्यवस्थापन कोष खाताबाट प्रधानमन्त्री दैवी प्रकोप सहायता कोष खातामा जम्मा गर्ने निर्णय गरियो ।

३. साविकका मांखा, फूल्पिङकोट, फूल्पिङडाँडा र जलविरे गा.वि.स. हुँदा गठन भएको गाउँ बाल संरक्षण समितिको नाममा तपसिलका बैंकहरुमा रहेको रकम बलेफी गाउँपालिकाको बाल अक्षय कोषको नाममा खोलिएको ग्लोबल आईएमई बैंक लि. खाडीचौर शाखामा रहेको खाता नं १५९०१०१००००६९३ G6 मा जम्मा गर्न सम्वन्धित बैंकहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

तपसिल

- VCPC फूल्पिङडाँडा खाता नं १६०१०१००००१२६ जनता बैंक लि चौतारा
- VCPC फूल्पिङडाँडा खाता नं ००६००२००६८१९८०१ जनता बैंक लि चौतारा
- VCPC फूल्पिङकोट खाता नं ००४००००५८६७०१एनसिसि बैंक लि बाह्रविसे

४.

- आगामी शैक्षिक सत्र २०८१ बाट लागू हुनेगरी बलेफी गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुको भौतिक, शैक्षिक लगायतका अवस्थाको यथार्थ अध्ययन तथा कार्यपालिकाले तोकेको TOR बमोजिम विद्यालय समायोजन, कक्षा थपघट, दरबन्दी मिलान गर्नका लागि शिक्षा सेवाबाट सेवा निवृत्त भएका कर्मचारी/शिक्षकहरुको संलग्नतामा ३ सदस्यीय विद्यालय समायोजन, दरवन्दी मिलान, व्यवस्थापन अध्ययन समिति गठन गर्ने निर्णय गरियो ।
- विद्यालय समायोजन, दरवन्दी मिलान, व्यवस्थापन अध्ययन समितिको TOR गाउँ शिक्षा समिति बलेफीले तयार गरी कार्यपालिकाको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

५. विविध

- मिति २०८०।०७।१७ को गाउँकार्यपालिकाको निर्णय बमोजिम अमानतबाट कर संकलन गर्ने कार्यमा खटिएका कर्मचारीहरुलाई सार्वजनिक विदाको दिन प्रतिदिन रु.५००/- (अक्षेरुपी पाँच सय रुपैंया मात्र) र अन्य दिन प्रतिदिन रु.२५०/- (अक्षेरुपी दुई सय पचास रुपैंया मात्र) र रातीको समयमा खटिए वापत प्रतिरातको रु.१०००/- (अक्षेरुपी एक हजार रुपैंया मात्र) का दरले थप सुविधा उपलब्ध गराउने निर्णय गरियो ।
- यस बलेफी गाउँपालिकाको सुनकोशी र ब्रम्हायणी नदीबाट नदीजन्य पदार्थ गिट्टी/रोडा, ढुङ्गा र बालुवा (दहत्तर बहत्तर)को चोरी निकासी भएको सामाग्री बरामदबाट बागमती प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८० बमोजिम प्राप्त हुने जरिवाना रकमको ५०(पचास) प्रतिशत रकम प्रोत्साहन स्वरुप बरामद गर्ने नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलको सुरक्षा चौकी /चेक पोष्टलाई उपलब्ध गराउने निर्णय गरियो ।
- यस गाउँपालिका अन्तर्गत रहेको नागरिक आरोग्य सेवा केन्द्रमा कार्यालय सहयोगी नहुँदा केन्द्रबाट प्रवाह हुने सेवा प्रभावित भएकाले दैनिक ज्यालादारीमा कार्यालय सहयोगीको रुपमा काम गर्ने गरी कर्मचारीको व्यवस्था गर्ने निर्णय गरियो ।
- जोशिलो युथ सञ्जाल सुनकोशी, ७ लाई रु.१५,०००/- (अक्षेरुपी पन्ध्र हजार रुपैंया मात्र) र श्री नव प्रतिभा यूवा क्लव बलेफी गाउँपालिका, ५ लाई सातौं शुभदिपावली साँस्कृतिक साँझ कार्यक्रमका लागि रु.१,००,००० /- (अक्षेरुपी एक लाख रुपैंया मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
- बलेफी गाउँपालिका वडा नं २ को वडा कार्यालय भवन निर्माण कार्य गर्दा बाँकी रहेका कार्यहरुको लागि प्राविधिक लागत अनुमान बमोजिम आगामी गाउँ सभाबाट बजेट व्यवस्थापन गर्ने गरी हाललाई काम सम्पन्न गर्ने निर्णय गरियो ।

- बलेफी गाउँपालिका वडा नं ३ स्थित भीमसेन मा.वि.को आयोजनामा सम्पन्न भएको मा.वि.स्तरीय भलिवल प्रतियोगितालाई रु.३०,००० /- (अक्षेरुपी तीस हजार रुपैंया मात्र) भुक्तानी दिने निर्णय भयो ।

- बलेफी गाउँपालिकाका कार्यपालिका सदस्य श्री रश्मी तामाङलाई उपचार खर्च वापत रु.२५,०००/-(अक्षेरुपी पच्चिस हजार रुपैंया मात्र) आर्थिक सहयोग गर्ने निर्णय भयो ।